# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) बुटवल, रूपन्देही, असोज ०१ गते, २०७६ साल (अतिरिक्ताङ्क ३५

## भाग १

### प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

नेपालको संविधानको धारा १७६ बमोजिम प्रदेश नं. ५ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७६ सालको ऐन नं. २५

**<u>साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>**

**प्रस्तावनाः** व्यापार र उद्योग व्यवसाय गर्ने साझेदारी फर्महरुको दर्ता, नियमन, सहजीकरण र तत्सम्बन्धी अन्य व्यवस्था गरी प्रदेशको आर्थिक समृद्धि र आम जनताको हित प्रवर्द्धन गर्न वाञ्छनीय भएकोले,

प्रदेश नं. ५ को प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस ऐनको नाम "साझेदारी ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस ऐनमा,-

(क) "**अदालत**" भन्नाले प्रचलित कानून बमोजिम तोकिएको अदालतको वाणिज्य इजलास सम्झनु पर्छ ।

(ख) "**तेस्रो पक्ष**" भन्नाले साझेदारी फर्मका सम्बन्धमा साझेदार बाहेकका अरु कुनै व्यक्ति सम्झनु पर्छ ।

(ग) "**तोकिएको वा तोकिए बमोजिम**" भन्नाले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(घ) "**व्यवसाय**" भन्नाले कानून बमोजिम कुनै उद्योग, व्यापार वा अन्य पेशा सञ्चालन गर्ने काम सम्झनु पर्छ ।

(ङ) "**फर्म**" भन्नाले दफा ६ बमोजिम दर्ता भएको साझेदारी फर्म सम्झनु पर्छ ।

(च) "**सम्बन्धित निकाय**" भन्नाले साझेदारी फर्मको दर्ता, नियमन र सहजीकरण गर्ने निकायलाई जनाउँछ ।

(छ) "**साझेदारी**" भन्नाले दफा ६ बमोजिम दर्ता भएको फर्मबाट गरिने व्यवसाय सम्झनु पर्छ ।

३. **<u>साझेदारी कायम हुने:</u>** (१) दुई वा दुई भन्दा बढी व्यक्तिले मुनाफाको उद्देश्य लिई एउटै साझा नाम राखी कुनै साझेदारले सबै साझेदारका लागि वा सबै साझेदारले प्रत्येक साझेदारका लागि कुनै व्यवसाय सञ्चालन गर्ने गरी कबुलियत गरेमा साझेदारी कायम भएको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम कबुलियत गर्ने व्यक्तिलाई एक अर्काको सम्बन्धमा साझेदार भनिनेछ ।

(३) साझेदारले सामुहिक रुपमा व्यवसाय सञ्चालन गर्दा फर्मको नामबाट गर्नु पर्नेछ र त्यस्तो फर्म दफा ६ वमोजिम दर्ता गराउनु पर्नेछ।

४. **<u>संगठित संस्था साझेदार नहुने:</u>** दफा ३ मा जुन सुकै कुरा लेखिएको भएता पनि संगठित संस्था कुनै साझेदारी फर्मको साझेदार हुन सक्ने छैन।

५. **<u>एकाघर सगोलको साझेदार सम्बन्धमा:</u>** एकाघर सगोलका अंशियारले आपसमा कबुलियत गरी साझेदारी व्यवसाय संचालन गर्न सक्ने छन्।

## परिच्छेद- २
## <u>फर्महरु सम्बन्धित निकायमा दर्ता गनुपर्ने</u>

६. **<u>साझेदारी फर्म दर्ता गर्नु पर्ने:</u>** (१) दफा ३ बमोजिम साझेदारी फर्म स्थापना भएको एक महिनाभित्र त्यस्तो फर्म दर्ताको लागि दफा (७) बमोजिम सम्बन्धित निकायमा तोकिए बमोजिमको दरखास्त दिनुपर्ने छ।

(२) उपदफा (१) बमोजिम दरखास्त परेमा सम्बन्धित निकायले सातदिन भित्र दरखास्तसँग सम्बन्धित विवरण जाँची फर्म दर्ता हुन सक्ने देखिएमा यस ऐन बमोजिम फर्म दर्ता गर्नुपर्ने छ।

(३) यस दफा बमोजिम साझेदारी फर्म दर्ता नगरी कुनै व्यवसाय सञ्चालन गरेमा त्यस्तो व्यवसायले यस ऐन बमोजिम कानूनी मान्यता प्राप्त गर्ने छैन।

(४) उपदफा (२) बमोजिम दरखास्त जाँच गर्दा फर्म दर्ता हुन नसक्ने देखिएमा सम्वन्धित निकायले सो को कारण सहित सात दिन भित्र दरखास्तवालालाई जानकारी दिनुपर्नेछ ।

७. <u>फर्म दर्ताको निवेदन र दस्तुरः</u> (१) दफा ६ बमोजिम फर्म दर्ताको लागि दिने दरखास्तमा देहायका कुराहरु उल्लेख गर्नु पर्नेछः

(क) फर्मको पूरा नाम,
(ख) फर्मको व्यवसाय गर्ने मुख्य ठेगाना,
(ग) फर्मले आफ्नो उद्देश्य र कार्यान्वयन गर्न खोजेको व्यवसायको छोटकरी विवरण,
(घ) प्रत्येक साझेदारको पूरा नाम, थर र निजको स्थायी ठेगाना,
(ङ) साझेदारको किसिम र प्रत्येक साझेदारले लगानी गरेको पूँजी रकम,
(च) कुनै साझेदारको अधिकार उपर कुनै बन्देज लगाएको भए सो कुरा,
(छ) सीमित दायित्व भएको साझेदारी भए प्रत्येक साझेदारको दायित्वको विवरण र त्यसको सीमा,
(ज) फर्मको सञ्चालन वा व्यवस्थापन गर्ने र प्रतिनिधित्व गर्ने साझेदार वा साझेदारहरुको नाम,
(झ) मुनाफा निर्धारण गर्ने तरिका,
(ञ) साझेदारहरु बिच मुनाफा तथा नोक्सान बाँडफाँड गर्ने तरिका,
(ट) तोकिए वमोजिमको अन्य विवरण।

(२) दफा ६ बमोजिम फर्म दर्ताको लागि लाग्ने दस्तुर तोकिए बमोजिम हुनेछ।

८. **फर्मको नाम भ्रमपूर्ण नहुने:** (१) कुनै फर्मको नाम राख्दा पहिले दर्ता भईसकेको कुनै फर्म, कम्पनी, रजिष्ट्रर्ड, ट्रेडमार्क, पेटेण्ट, डिजाइन वा अन्तर्राष्ट्रिय रुपमा ख्याती प्राप्त व्यापारिक नाम वा चिन्हसँग मिल्ने वा भ्रम सृजना हुने गरी वा सार्वजनिक हित, नैतिकता, सदाचार, शिष्टाचारको दृष्टिले अनुपयुक्त हुने वा राष्ट्रिय चिन्ह, राष्ट्रिय विभूति, राष्ट्रिय सम्पदा आदिसँग भ्रम सिर्जना हुने गरी राख्न हुँदैन।

(२) उपदफा (१) बमोजिम भ्रमपूर्ण हुने वा अनुपयुक्त हुने नाम राखी कुनै फर्म दर्ता गर्न दफा ७ बमोजिम दरखास्त परेमा सम्बन्धित निकायले त्यस्तो नाम राखी फर्म दर्ता गर्न इन्कार गर्न सक्नेछ र त्यसको जानकारी दरखास्तवालालाई दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम जानकारी प्राप्त भएमा दरखास्तवालाले सच्याई फर्म दर्ता गर्न पुनः दरखास्त दिएमा दफा ७ बमोजिम सम्बन्धित निकायले फर्म दर्ता गर्नु पर्नेछ।

(४) दर्ता भइसकेको कुनै फर्मको नाम उपदफा (१) बमोजिम भ्रमपूर्ण रहेको भनी सम्बन्धित सरोकारवालाको दरखास्त परेमा सम्बन्धित निकायले तोकिए बमोजिम त्यसको छानबिन गर्नेछ र त्यसरी छानविन गर्दा फर्मको नाम भ्रमपूर्ण रहेको देखिएमा त्यस्तो नाम परिवर्तन गर्न सम्बन्धित साझेदारलाई आदेश दिन सक्नेछ।

९. **फर्म दर्ताको प्रमाण पत्र दिनुपर्ने:** (१) दफा ७ बमोजिम फर्म दर्ताको लागि दरखास्त परेमा यस ऐन बमोजिम सम्बन्धित निकायको दर्ता किताबमा फर्मको नाम दर्ता गरी साझेदारको नाममा तोकिएको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको फर्म दर्ताको लगत विद्युतीय स्वरुपमा पनि राख्न सकिनेछ।

१०. **अनुमतिपत्र वा इजाजतपत्र लिनुपर्ने:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन बमोजिम दर्ता भएको कुनै फर्मले कुनै व्यवसाय सञ्चालन गर्न प्रचलित कानून बमोजिम कुनै अधिकारी वा निकायको अनुमतिपत्र वा इजाजतपत्र लिनुपर्ने रहेछ भने त्यस्तो अनुमतिपत्र वा इजाजतपत्र नलिई आफ्नो व्यवसाय शुरु गर्न सक्ने छैन र यस ऐन बमोजिम साझेदारी फर्म दर्ता भएकै आधारमा त्यस्तो व्यवसाय सञ्चान गर्न अनुमति प्राप्त गरेको मानिने छैन।

११. **यस ऐन बमोजिम व्यवसाय गर्नुपर्ने:** (१) यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम दर्ता भएका साझेदारी फर्म यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ ।

तर यो दफा प्रारम्भ भएको मितिले एक वर्षभित्र सम्बन्धित निकायमा अभिलेखीकरण हुनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम अभिलेखीकरणको लागि पेश भएकोमा सम्बन्धित निकायले सात दिनभित्र अभिलेखीकरण गरी जानकारी गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम अभिलेखिकरण नगरे त्यस्तो फर्मले यस ऐन बमोजिम कुनै व्यवसाय सञ्चालन गर्न सक्ने छैन ।

१२. **विवरणमा हेरफेर गर्नु परेमा स्वीकृति लिनुपर्ने:** फर्म दर्ता गर्नको लागि दफा ७ बमोजिम पेश गरेको दरखास्त र कबुलियतको विवरणमा पछि कुनै हेरफेर गर्नु परेमा सो कुरा जनाई सम्बन्धित निकायमा दरखास्त दिनुपर्ने छ र सम्बन्धित निकायबाट स्वीकृति प्राप्त भएपछि मात्र त्यस्तो विवरण हेरफेर भएको मानिने छ।

१३. **नवीकरण गर्नु पर्ने:** (१) यस ऐन बमोजिम दर्ता भएको फर्म प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र नविकरण गर्नु पर्नेछ।

(२) फर्म नवीकरणका लागि तोकिएको दस्तुर साथ तोकिएका कागजात र विवरण संलग्न राखी तोकिएको ढाँचाको फारममा सम्बन्धित निकायमा दरखास्त दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम दरखास्त परेमा सम्बन्धित निकायले त्यस्तो फर्मको दर्ता किताब, दर्ता लगत र दर्ता प्रमाण पत्रमा नवीकरणको व्यहोरा जनाउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम फर्म नविकरण नगराई सोही नामबाट कुनै फर्म वा व्यवसाय सञ्चालन गर्न सकिने छैन।

(५) फर्म नवीकरण गर्नको लागि तोकिएको आर्थिक विवरण सहित लेखा परीक्षण प्रतिवेदन समेत पेश गर्नुपर्नेछ।

(६) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि फर्म नवीकरणको लागि तोकिएको दस्तुर तिरी बढीमा पाँच वर्षसम्मको लागि एकै पटक फर्मको दर्ता नविकरण गर्न सकिनेछ।

(७) उपदफा (६) बमोजिम एक वर्ष भन्दा बढी अवधिको लागि नविकरण भएको फर्मले प्रत्येक वर्षको तोकिएको अवधिभित्र उपदफा (५) बमोजिमको विवरण पेश गर्नुपर्नेछ र नवीकरण भएको कारणले दफा १४ बमोजिमको विवरण पेश गर्नबाट छुट पाएको मानिने छैन।

(८) यस दफा बमोजिम तोकिएको अवधिमा फर्म नवीकरण नगरेमा वा दफा १४ बमोजिम तोकिएको विवरण पेश नगरेमा त्यस्तो फर्मले प्रत्येक वर्षको लागि लाग्ने नवीकरण दस्तुरको दोब्बर दस्तुर बराबरको विलम्ब दस्तुर तिरी आवश्यक विवरण संलग्न गरी नवीकरण गर्नुपर्ने मिति व्यतित भएको पाँच वर्षभित्र फर्म नवीकरणका लागि दरखास्त दिन सक्नेछ।

(९) उपदफा (८) बमोजिम दरखास्त दिएमा सम्बन्धित निकायले त्यस्तो फर्म नवीकरण गर्न सक्नेछ।

(१०) उपदफा (९) बमोजिमको अवधिभित्र पनि नवीकरण नगराएको फर्म स्वतः रद्द भएको मानिने छ।

(११) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुनु अघि कुनै कारणबस नवीकरण गर्ने म्याद समाप्त भई नवीकरण हुन नसकेका फर्म भए जतिसुकै अवधि व्यतित भएको भए तापनि एक पटकका लागि यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र तोकिए बमोजिम नवीकरण गर्न सकिने छ।

**१४. <u>सम्बन्धित निकायमा विवरण पेश गर्नुपर्ने</u>:** (१) यस ऐन बमोजिम दर्ता भएको फर्मले तोकिएको ढाँचामा प्रत्येक वर्ष आर्थिक विवरण र लेखा परीक्षण गराई वार्षिक लेखा परीक्षण प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि तोकिएको रकम भन्दा कम रकमको कारोवार गर्ने फर्मले सम्बन्धित निकायमा वार्षिक आर्थिक विवरण मात्र पेश गर्न सक्नेछ ।

**१५. <u>फर्म खारेज गर्न सक्ने</u>:** (१) देहायको अवस्थामा यस ऐन बमोजिम दर्ता भएको फर्म सम्बन्धित निकायले खारेज गर्न सक्ने छ।

(क) कुनै फर्मले दफा १३ को अधीनमा रही तोकिएको अवधिभित्र फर्म नवीकरण नगराएमा,

(ख) साझेदारहरुले मनासिव कारण दर्शाई फर्म खारेज गरी पाउँ भनी सम्बन्धित निकायमा निवेदन दिएमा,

(ग) कुनै फर्मले दफा १४ बमोजिमको विवरण सम्बन्धित निकायमा पेश नगरेमा,

(घ) कुनै फर्मले फर्म दर्ता हुँदा पेश गरेको कबुलियतमा उल्लेखित उद्देश्य भन्दा फरक उद्देश्यको व्यवसाय सञ्चालन गरेमा,

(ङ) उद्योग सम्बन्धी फर्मले कार्य सञ्चालन गरी सम्बन्धित निकायलाई जानकारी दिई वा नदिई उद्योग बन्द गरेमा,

(च) उद्योग सम्बन्धी फर्मले नवीकरण गराए पनि ईजाजतको शर्त अनुसार उद्योग स्थापना र सञ्चालन गर्नको लागि कारखाना निर्माण, मेशीनरी औजार, उपकरणको खरीद वा उद्योग सञ्चालनको लागी आवश्यक कार्य गरेको लिखित प्रगति विवरण सम्बन्धित निकायमा नदिएमा, र

(छ) फर्मले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको विपरित हुने गरी अन्य काम गरेमा,

(२) उपदफा (१) को खण्ड (क), (ग), (घ), (ङ), (च) र (छ) बमोजिम सम्बन्धित निकायवाट फर्म खारेज गर्नु अघि सम्बन्धित फर्मलाई सवुत पेश गर्न उचित अवसर दिनुपर्ने छ।

(३) उपदफा (१) को खण्ड (२) को (क), (ग), (घ), (ङ), (च) र (छ) बमोजिम सम्बन्धित निकायवाट फर्म खारेज भएका साझेदारहरु कसैको नाममा एक वर्षसम्म सोही उद्देश्य भएको अर्को फर्म दर्ता गरिने छैन।

## परिच्छेद- ३
## साझेदारहरुको आपसी सम्बन्ध

१६. **साझेदारहरुको आपसी सम्बन्धः** (१) साझेदारहरुको आपसमा भएको कबुलियतद्वारा साझेदारीहरुमा हक र दायित्व कायम हुनेछ। यस्तो कबुलियत आपसको व्यवहारमा अंकित भएको वा लिखित रुपमा भएको पनि हुन सक्छ।

(२) साझेदारीको कबुलियतमा उल्लेख भएका विषयको हकमा सोही बमोजिम र नलेखिएकोमा यस ऐन बमोजिमको व्यवस्था लागु हुन्छ।

१७. <u>**साझेदारको दायित्व निर्वाह गर्ने:**</u> कसैले आफ्नो बचन, लिखत वा आचरणबाट जानी जानी कुनै साझेदारी फर्मको साझेदारको रुपमा आफूलाई प्रतिनिधित्व गरेकोमा निजले गरेको प्रतिनिधित्वमा विश्वास गरी कसैले त्यस्तो साझेदारी फर्मलाई ऋण प्रदान गरेकोमा निज त्यस्तो साझेदारीको साझेदार नभए तापनि त्यस्तो ऋण निज आफैले वा फर्म जोसुकैले लिएको भएतापनि त्यस्तो व्यक्तिले त्यस उपरको दायित्व व्यहोर्नु पर्नेछ।

तर त्यसरी विश्वासमा पारी ऋण लिने व्यक्तिको दायित्व उपर प्रतिकूल नहुने गरी त्यस्तो फर्म आफैले लिएको वा त्यस्तो ऋणबाट कुनै आर्थिक लाभ लिएको हदसम्म सम्बन्धित फर्मले दायित्व व्यहोर्नु पर्नेछ।

१८. <u>**प्रत्येक साझेदार प्रतिनिधि हुने:**</u> कबुलियतमा अन्यथा व्यवस्था भएकोमा बाहेक साझेदारी फर्मको प्रत्येक साझेदार, त्यस्तो फर्मको व्यवसाय सञ्चालनको प्रयोजनका लागि त्यस्तो साझेदारीको प्रतिनिधि (एजेन्ट) भएको मानिनेछ।

१९. <u>**साझेदारीमा रहेको जायजेथा:**</u> साझेदारीको जायजेथा देहाय बमोजिम हुनेछ-

(क) साझेदारी कारोबार सुरु हुँदाको सम्पूर्ण जायजेथा,

(ख) साझेदारीको लागि वा त्यसको निमित्त वा त्यसको प्रयोजनमा प्राप्त गरेको जायजेथा,

(ग) साझेदारीले कारोबार गरी कमाएको धन, र

(घ) साझेदारीमा चलाएको कारोबारबाट प्राप्त हुन आएको ख्याती (गुड विल)

स्पष्टीकरणः अन्यथा प्रमाणित भएकोमा बाहेक फर्मको रकम लगानी गरी प्राप्त भएको सबै सम्पत्ति र हक फर्मको मानिने छ।

२०. **साझेदारको मृत्यु भए पछिको दायित्वः** कुनै साझेदारको मृत्युभए पछि पनि साझेदारी फर्मको व्यवसाय सञ्चालन जारी रहेकोमा त्यस्तो साझेदारको मृत्यु पछि भएको कुनै काम, कारवाही वा कारोवारको कारणबाट सिर्जना भएको दायित्व मृतक साझेदारको हकवालाले व्यहोर्नु पर्ने छैन।

२१. **साझेदारी सम्पत्तिको प्रयोगः** साझेदारी कारोबारको प्रयोगमा बाहेक साझेदारीको सम्पत्ति साझेदारहरुले अरु काममा लगाउन वा लगाउन दिन हुँदैन।

२२. **पूँजी थप्न बाध्य नहुनेः** अरु साझेदारले माग गरे पनि साझेदारीको कबुलियतमा तोकेको अंक भन्दा बढी पूँजी थप्न कुनै साझेदारलाई वाध्य गर्न हुँदैन।

२३. **सट्टामा राख्न नपाउनेः** कुनै साझेदारले अन्य साझेदारको मञ्जुरी विना अरु कुनै व्यक्तिलाई आफ्नो सट्टामा साझेदार गराउन र राख्न पाउँदैन।

२४. **कारोबारको व्यवस्थापनमा भाग लिन पाउनेः** (१) कबुलियतद्वारा साझेदारी कारोबारको बन्दोबस्तमा भाग लिन नपाउने साझेदार बाहेक प्रत्येक साझेदारले साझा कारोबारको व्यवस्थापनमा भाग लिन पाउँछ।

तर, सबै साझेदारको मञ्जुरी बेगर साझा कारोबारसँग सम्बन्ध नभएको अरु काम साझेदारीको नामबाट गर्न हुँदैन।

(२) साझेदारीको सबै वा कुनै काम सबै साझेदारले वा सो मध्ये कुनै दुई वा दुई भन्दा बढी साझेदारहरुले संयुक्त रुपमा गर्ने कबुलियत

भएकोमा कुनै मनासिब माफिकको कारण परी कबुलियत बमोजिम यस्ता सबै साझेदारहरुले सो काम गर्न नभ्याउने भएमा निजहरुले आफू मध्ये कसैलाई सो काम गर्न अख्तियारी दिन सक्नेछन।

२५. <u>**श्रेस्ता हेर्न नक्कल लिन पाउनेः**</u> साझेदारीको हिसाब किताबको श्रेस्ता हेर्न चाहेमा हरेक साझेदारले त्यस्तो श्रेस्ता हेर्न पाउछन र नक्कल लिन चाहेमा सो श्रेस्ता जिम्मा लिने साझेदारले सो श्रेस्ताको सक्कल बमोजिमको नक्कल उतारी आफ्नो सहिछाप गरी दिनुपर्छ।

२६. <u>**पारिश्रमिक र ब्याजः**</u> (१) साझा कामको व्यवस्थापनको काम गरे बापतको पारिश्रमिक कबुलियतमा तोकिए बमोजिम त्यस्तो काम गर्ने साझेदारले पाउनेछ।

(२) कुनै साझेदारले कबुल गरे भन्दा बढी पूँजी लगाएको भए दश प्रतिशतमा नबढाई लिखत बमोजिमको ब्याज पाउँछ।

(३) कुनै साझेदारले जानी जानी लापरवाही गरी साझेदारी व्यवसायमा हानी नोक्सानी पु-याएमा त्यसको बिगो निजले व्यहोर्नु पर्नेछ।

२७. <u>**साझेदारले आर्जेको मुनाफा फर्मको हुनेः**</u> फर्मको कुनै करोबारको सिलसिलामा वा फर्मको धनमालको उपयोग गरी वा फर्मको कारोबारको सम्बन्धबाट वा फर्मको नाममा कुनै साझेदारले नाफा आर्जन गरेमा सो नाफा र त्यसको हिसाब समेत फर्मलाई बुझाउनु पर्छ।

२८. <u>**साझेदारले बुझाएको रकम हिसावमा देखाउनु पर्नेः**</u> दफा २६ र २७ वमोजिम कुनै साझेदारले तिरे बुझाएमा सो रकम फर्मको आर्थिक वर्षको नाफा नोक्सानको हिसाव श्रेस्तामा स्पष्ट देखाउनु पर्छ।

२९. **नाफा नोक्सानको बाँडफाँडः** (१) साझेदारहरुमा नाफा नोक्सानको हिसाब गरी बाँडफाँड गर्दा कबुलियतमा व्यवस्था भएकोमा सोही बमोजिम र नभएकोमा बराबर दरले वण्डा लाग्नेछ।

(२) कुनै साझेदारले साझेदारी खडा गर्दा लगाएको पूँजीमा व्याज दिने लिने कबुलियत भए सो व्याज मुनाफाबाट मात्र तिर्नु पर्छ।

३०. **मुनाफा पाउन नसक्नेः** (१) कुनै साझेदारले आफ्नो भागको बुझाउन पर्ने पूँजी फर्मलाई तिरी बुझाइ सकेको रहेनछ भने सो बुझाउन पर्ने बाँकी रकम चुक्ता नभएसम्म निजले पाउनु पर्ने मुनाफा बुझिलिन पाउनेछैन।

(२) उपदफा (१) मा लेखिएको कुराले कुनै साझेदारले बुझाएको पूँजी रकम बराबर हुन आउने मुनाफाको हिस्सा निजलाई बाँडफाँड गर्न रोक लगाएको मानिने छैन।

## परिच्छेद- ४
## फर्म र तेस्रो पक्ष बीचको सम्बन्ध

३१. **फर्मको दायित्व हुनेः** (१) दफा १८ को अधीनमा रही प्रत्येक साझेदारले फर्मको प्रतिनिधित्व गर्न सक्नेछ र कुनै साझेदारले फर्मको तर्फबाट गरेको कारोवारका सम्बन्धमा सिर्जना भएको दायित्व फर्मको हुनेछ।

(२) उपदफा (१) बमोजिमको कारोवार गर्दा कुनै साझेदारले जालसाजी गरेमा त्यस्तो साझेदारलाई फर्मको प्रतिनिधित्व गर्नबाट वञ्चित गर्न कुनै साझेदारको उजुरी परेमा अदालतले निजलाई फर्मको प्रतिनिधित्व गर्नबाट वञ्चित गर्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै साझेदारले साझेदारीको प्रतिनिधित्व गर्ने विषयमा कबुलियत बमोजिम बन्देज लगाउन सकिनेछ।

(४) उपदफा (२) र (३) बमोजिम बन्देज लगाएकोमा सो कुराको जानकारी नपाउने तेस्रो पक्षले फर्मसँग गरेको कारोवारको सम्बन्धमा फर्मको दायित्व हुनेछ।

३२. <u>**नयाँ साझेदार जवाफदेही नहुने:**</u> (१) आफू साझेदार हुनुभन्दा अगाडि भए गरेको साझेदारी कामको सम्बन्धमा नयाँ हुने साझेदार जवाफदेही हुनेछैन।

(२) साझेदारीबाट अलग हुने साझेदारलाई निज अलग हुनु अघि फर्मबाट भएको काममा  तेस्रोपक्ष प्रतिको दायित्वबाट उक्त तेस्रो पक्षको लिखित सहमति भएमा उन्मुक्ति प्राप्त हुनेछ।

(३) तेस्रो पक्ष लाई कुनै साझेदार साझेदारीबाट अलग भएको छ भन्ने थाहा भएमा अलग हुने साझेदार आफू अलग भई सकेपछि अरु साझेदारले फर्मको नामबाट भए गरेका कामप्रति निजको जवाफदेही हुने छैन।

३३. <u>**साझेदारले आफ्नो हक बिक्री गर्ने:**</u> कुनै साझेदारले फर्ममा रहेको आफ्नो सबै हक अरु कसैलाई बिक्री गरी वा बन्धक राखी वा अरु कुनै प्रकारले दिएमा सो साझेदारले सो अवधिभित्र साझेदारी कारोबारबाट पाउने मुनाफा वा अन्य कुनै रकममा सो व्यक्तिले दाबी गर्न सक्नेछ।

तर त्यस्तो व्यक्ति सो फर्मको साझेदार मानिने छैन, र सबै साझेदारहरुको मञ्जूरी विना निजलाई सो फर्मको हिसाब किताब जाँच्ने अधिकार हुने छैन।

३४. <u>**जवाफदेही हुने:**</u> आफू साझेदार छँदा फर्मको निमित्त गरिएका सबै काम उपर संयुक्त वा व्यक्तिगत रुपमा प्रत्येक साझेदार जवाफदेही हुनेछन।

## परिच्छेद- ५
## सीमित दायित्व भएको साझेदारी स्थापना र सञ्चालन

३५. **सीमित दायित्व भएको साझेदारी स्थापना गर्न सकिने:** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि प्रत्येक साझेदारको दायित्व निजले साझेदारीमा गरेको लगानीको हिस्साको अनुपातमा हुने गरी सीमित दायित्व भएको साझेदारी स्थापना गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम साझेदारीमा लगानी गर्ने साझेदारको दायित्व निजले लगानी गरेको वा लगानी गर्न कबुल गरेको साझेदारीको रकमको हदसम्म सीमित हुनेछ।

(३) उपदफा (२) बमोजिमको साझेदारले निजले गरेको लगानीको अनुपातमा मुनाफा प्राप्त गर्नेछ।

(४) सीमित दायित्व भएको साझेदारी फर्मले कुनै व्यवसाय सञ्चालन गर्दा त्यस्तो फर्मको नामको पछाडि "(सीमित दायित्व भएको)" वाक्यांश लेख्नु पर्नेछ।

३६. **सीमित दायित्व भएको साझेदारी सञ्चालन:** (१) सीमित दायित्वको साझेदारीको व्यवस्थापन तथा सञ्चालन कबुलियतमा उल्लेख भए बमोजिम हुनेछ।

(२) फर्म दर्ता भइसके पछि उपदफा (१) बमोजिमको कबुलियतमा कुनै कुरा हेरफेर भएमा त्यसको जानकारी सम्बन्धित निकायमा दिनु पर्नेछ।

३७. **सीमित दायित्व भएको साझेदारीको ठेगाना:** (१) सीमित दायित्व भएको साझेदारी फर्मले आफ्नो रजिष्ट्रर्ड कार्यालय रहने ठेगाना सम्बन्धित निकायमा पेश गर्नु पर्नेछ र त्यस्तो ठेगानामा गरिएको पत्राचार साझेदारी फर्मको नाममा भएको मानिनेछ।

(२) उपदफा (१) बमोजिमको ठेगानामा परिवर्तन वा हेरफेर भएमा परिवर्तन वा हेरफेर भएको पन्ध्र दिन भित्र सम्बन्धित निकायमा त्यसको जानकारी गराउनु पर्नेछ।

३८. <u>**सीमित दायित्व भएको साझेदारीमा परिवर्तन गर्न सकिनेः**</u> यस ऐन बमोजिम असीमित दायित्व भएको साझेदारीको रुपमा दर्ता भएको कुनै फर्मसँग सम्बन्धित कबुलियतमा संशोधन गरी सीमित दायित्वको साझेदारीमा संलग्न गराउने गरी साझेदारहरु बिच सहमति भएमा त्यस्तो साझेदारी सीमित दायित्वको साझेदारीमा परिवर्तन गर्न सकिनेछ।

३९. <u>**कबुलियतनामा लिखित हुनुपर्नेः**</u> प्रचलित कानून वा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सीमित दायित्व भएको साझेदारी फर्म दर्ता गर्न साझेदार वीच हुने कवुलियतनामा लिखित रुपमा हुनु पर्नेछ।

४०. <u>**सीमित दायित्व हुनेः**</u> (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै साझेदारीमा कुनै साझेदारको दायित्वको हिस्सा सीमित हुने गरी र बाँकी साझेदारको हिस्सा असीमित हुने गरी साझेदारी फर्म दर्ता भएको रहेछ भने त्यस्तो साझेदारी फर्म असीमित दायित्व भएको साझेदारी फर्म मानिनेछ।

तर कबुलियतमा अन्यथा व्यवस्था भएकोमा बाहेक सीमित दायित्व भएको साझेदारको दायित्व निजले भुक्तानी गरेको वा भुक्तानी गर्न कबुल गरेको रकमको हदसम्म मात्र सीमित रहनेछ।

४१. <u>**जालसाजपूर्ण कारोबार गरेमा असीमित दायित्व हुनेः**</u> (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सीमित दायित्व भएको कुनै साझेदारी फर्मले साहु वा अन्य कुनै व्यक्तिलाई धोका दिने नियतले कुनै जालसाजपूर्ण कारोबार गरेमा साझेदारी फर्म र त्यस्तो काम गर्ने साझेदारको त्यस्ता साहुहरुको ऋण र अन्य दायित्व उपर व्यक्तिगत

रुपमा दायित्व रहनेछ र निजले साझेदारीमा गरेको लगानी रकमबाट त्यस्तो दायित्व पूरा नभएमा निजको घर घरानाबाट असुल उपर हुनेछ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "जालसाजपूर्ण कारोबार" भन्नाले साहुलाई साझेदारी फर्मको गलत सूचना दिई ऋण लिने, ऋणको साँवा वा व्याज र अन्य शुल्क भुक्तानी नगरी ठग्ने वा साहुको अनुमति बिना भुक्तानी दिन अनुचित ढिलो गर्ने वा साहुको ऋण असुल उपर गर्ने अधिकार वा अन्य कुनै व्यक्तिप्रति रहेको दायित्वलाई प्रतिकुल हुने वा साहुलाई दिएको धितो जमानतमा नोक्सान पुग्ने गरी बदनियतपूर्वक गरेको फर्मको कारोबार सम्झनु पर्छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि फर्म वा त्यसको कुनै साझेदारले जालसाजपूर्ण कारोबार गर्दा अन्य साझेदारलाई त्यसको जानकारी भएको वा त्यस्तो कारोबार गर्न अख्तियारी वा सहमति दिएको रहेछ भने त्यसरी जानकारी प्राप्त गर्ने वा अख्तियारी दिने वा सहमति दिने साझेदारको पनि दायित्व असीमित हुनेछ।

तर फर्मको व्यवसाय सञ्चालनमा भाग नलिने वा फर्मको व्यवस्थापनमा संलग्न नरहेको साझेदारलाई यो व्यवस्था लागू हुने छैन।

४२. **सीमित दायित्व भएको साझेदारीको दायित्वः** (१) सीमित दायित्व भएको साझेदारी फर्मको कारोबार गर्दा वा कुनै साझेदारलाई प्राप्त अख्तियारी प्रयोग गर्दा सिर्जना भएको कुनै पनि दायित्व साझेदारी फर्मको दायित्व मानिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि साझेदारले गरेको देहायको कारोबारका सम्बन्धमा साझेदारी फर्मको दायित्व सिर्जना हुने छैनः

(क) त्यस्तो साझेदारलाई अख्तियारी नदिएको कारोबार,

(ख) जुन व्यक्तिसँग कारोबार भएको छ त्यस्तो व्यक्तिलाई त्यस्तो साझेदारलाई त्यस्तो कारोबार गर्न अख्तियारी नभएको जानकारी भएको वा निजलाई त्यस्तो व्यक्ति साझेदार नभएको जानकारी भएको वा जानकारी हुनु पर्ने कारण भएको कारोबार।

(३) उपदफा (१) बमोजिमको दायित्व सीमित दायित्व भएको साझेदारी फर्मको सम्पत्तिबाट व्यहोर्नु पर्नेछ।

## परिच्छेद-६
## साझेदारीको विघटन

४३. **साझेदारी विघटन हुनेः** (१) साझेदारहरुको मञ्जुरी वा कबुलियत बमोजिम जुनसुकै वखत साझेदारी विघटन हुन सक्नेछ।

तर सीमित दायित्व भएको साझेदारी विघटन गर्दा विघटन गर्नु अघि दायित्व फछ्यौंट गर्न लिक्वीडेटर नियुक्ती गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम साझेदारी विघटन गर्दा साझेदारहरुले निर्धारण गरे बमोजिम साझेदारीको दायित्व फछ्यौंट गरी साझेदारी विघटन गर्न सक्नेछन।

तर साझेदार बीच दायित्व फछ्यौंट गर्न कुनै विवाद उत्पन्न भएमा प्रचलित कानून बमोजिम लिक्वीडेटर नियुक्ती गर्नु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम नियुक्त लिक्वीडेटरले प्रचलित कानून बमोजिम फर्मको सम्पत्ति तथा दायित्वको मूल्याङ्कन गरी त्यसको प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्नेछ।

४४. **लिखित सूचनाद्वारा विघटन हुनेः** कुनै साझेदारी अनिश्चित समयको निमित्त चलाईएको छ भने जुनसुकै समयमा जुनसुकै साझेदारले अरु साझेदारहरुलाई लिखित सूचना दिई साझेदारी विघटन गराउन

सक्नेछ। साझेदारहरुको बीचमा अन्यथा मञ्जुरी नभएको भए त्यस्तो सूचनामा लेखिएको मितिदेखि वा मिति नतोकिएको भए सूचना तामेल भएको मितिदेखि साझेदारी विघटन भएको मानिनेछ।

४५. **<u>जुनसुकै बखत साझेदारी बिघटन हुन सक्नेः</u>** साझेदारहरुमा जुनसुकै व्यहोराको कबुलियत भएको भए पनि कुनै साझेदारले बिशेष कारणवश र खासगरी देहायका परिस्थितिमा साझेदारी विघटन गराउन सक्नेछन-

(क) कुनै साझेदार आफूले गरेको कबुलियत बमोजिमको साझेदारी कार्यभार सम्हाल्न असमर्थ भएमा, वा

(ख) अर्को साझेदारले फर्मलाई तिर्न बुझाउन पर्ने रकम नतिरेमा वा आफूले साझेदारीको हिस्सा अरु साझेदारको मञ्जुरी बेगर कसैलाई हक छाडी दिएमा, वा

(ग) अर्को साझेदारको हक अदालतबाट भरी भराउमा परेमा, वा

(घ) अर्को साझेदारले फर्मको काम कारवाईमा जालसाज वा लापरवाही गरेमा, वा

(ङ) अर्को साझेदारले कैदको सजाय पाएमा।

४६. **<u>कार्यकाल पछि स्वतः विघटन हुनेः</u>** साझेदारहरुको बीच एक आपसमा भएका कबुलियतको अधीनमा रही कुनै साझेदारी सीमित कालको लागि खडा भएकोमा सो अवधि नाघेपछि वा कुनै एक वा एक भन्दा बढी कामको निमित्त खडा भएकोमा सो काम पुरा भएपछि साझेदारी स्वतः बिघटन हुनेछ।

४७. **<u>साझेदारी स्वतः विघटन हुनेः</u>** कुनै साझेदारको मृत्य भएमा वा साहुको ऋण तिर्न नसक्ने भई दामासाहीमा परेमा साझेदारी स्वतः विघटन हुनेछ।

४८. **तेस्रो पक्ष प्रतिको दायित्व पूरा गर्नु पर्नेः** साझेदारी विघटन भएको कुरा सार्वजनिक नगरिएको कारण त्यस्ता विघटनको जानकारी फर्मसँग सम्वन्धित तेस्रो पक्षलाई नभएमा साझेदारी विघटन भएपनि फर्मको नाममा गरेको काम कारवाहीबाट तेस्रो पक्ष प्रतिको दायित्व सबै साझेदारले पूरा गर्नुपर्ने छ।

तर, मृत्यु भएका वा दामासाहीमा परेका साझेदारको जेथाबाट निज मरेका वा दामासाहीमा परेका मिति पछिको काम कारवाई बापत तिर्न पर्ने छैन।

४९. **वारेसद्धारा भाग लिन हुनेः** दफा ४३ को अधिनमा रही हरेक साझेदारले आफू वा आफ्नो वारेसद्वारा साझेदारी विघटनको प्रकृयामा भाग लिन हुन्छ।

५०. **विघटन भएपछि पनि कायम रहनेः** फर्मको विघटनको काम टुङ्गयाउनलाई जो आवश्यक काम कारवाई र विघटन हुनु पहिले शुरु गरेको अपूरो काम पूरा गर्नलाई साझेदारी विघटन भइसकेपछि पनि फर्मलाई बाध्य गर्न र साझेदारहरुको आपसको हक दायित्व निश्चित गर्ने अधिकार साबिक बमोजिम कायम रहनेछ।

५१. **फर्मको हिसाब फछ्यौंट गर्नेः** साझेदारहरुको बीचमा भएको कबुलियत र दफा ४३ को अधीनमा रही बिघटन भएका फर्मको हिसाब फछ्यौंट गर्दा देहाय बमोजिम गर्नुपर्छ-

(क) फर्मको हितमा बाधा नपर्ने गरी फर्मको सम्पूर्ण सम्पत्ति नगदमा परिणत गर्ने,

(ख) पूँजी घटेको समेतको नोक्सानी सबभन्दा पहिले मुनाफाबाट र त्यसबाट नपुगे पूँजीबाट र त्यसबाट पनि नपुगे प्रत्येक साझेदारको घर घरानाबाट असुलउपर गर्नुपर्छ,

(ग) पूँजीको कमी भएमा शोध भर्ना गर्न लगायत फर्मको जेथा देहायका क्रम र तरीकाबाट उपयोग गर्नुपर्छः

(१) फर्मले तेस्रो पक्षलाई तिर्नपर्ने ऋण रकम रहेछ भने,

(२) पूँजी बाहेकको साझेदारले दिएको कर्जा दामासाहीले,

(३) साझेदारले बुझाएका पूँजीको दामासाही, र

(४) शेष बाँकी सम्पत्ति साझेदारहरुको भाग बमोजिम ।

**५२.** **<u>सम्पत्ति भाग नलाग्नेः</u>** साझेदारका बीचमा कबुलियत भएको भएपनि फर्मको ऋण र दायित्व चुक्ता नगरी साझेदारी विच सम्पत्ति बण्डा गर्न हुँदैन।

**५३.** **<u>सम्बन्धित निकायले लिक्वीडेटर नियुक्ती गर्न सक्नेः</u>** (१) साझेदारी फर्मको हिसाव किताव सम्बन्धमा साझेदारहरु वीच विवाद परेमा सो व्यहोरा उल्लेख गरी कुनै साझेदारले निवेदन दिएमा सम्वन्धित निकायले त्यस्तो फर्मको हिसाव जाँच गर्न लेखा परीक्षक नियुक्त गर्न सक्नेछ।

(२) लेखा परीक्षकले पेश गरेको हिसाव किताव वा प्रतिवेदनबाट साझेदारी विघटन गर्नु पर्ने देखिए सम्बन्धित निकायले प्रचलित कानून बमोजिम लिक्वीडेटर नियुक्त गर्न सक्नेछ।

(३) दफा ४३ वा यस दफा बमोजिम नियुक्त लिक्वीडेटरले आफ्नो कार्य सम्पादन गर्दा प्रचलित कानून बमोजिम प्राइभेट कम्पनी दामासाहीमा परेका वखत लिक्वीडेटरले कम्पनी खारेज गर्दा प्रयोग गर्न सक्ने अधिकार प्रयोग गर्न सक्नेछ।

(४) उपदफा (१) र (२) बमोजिम नियुक्त लेखा परीक्षक र लिक्वीडेटर सम्बन्धित निकाय प्रति उत्तरदायी हुनु पर्नेछ।

**५४.** **<u>साझेदारहरु बीचको विवादः</u>** (१) दफा ४१ मा उल्लेख भएको अवस्थामा बाहेक साझेदारहरु बीच साझेदारीका सम्वन्धमा कुनै विवाद उत्पन्न भई

सम्बन्धित निकायमा उजुरी परेमा त्यस्तो निकायले विवाद समाधान गर्न तोकिए बमोजिमको कार्यविधि पूरा गरी आवश्यक आदेश गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित निकायले दिएको आदेशमा चित्त नबुझेमा पैतीस दिन भित्र प्रचलित कानून वामोजिम अदालतमा पुनरावेदन गर्न सकिनेछ।

## परिच्छेद- ७

## विविध

**५५. जरिवानाः** कसैले देहायको कुनै काम गरे वा गराएमा सम्बन्धित निकायले देहाय बमोजिमको जरिवाना गर्ने आदेश दिन सक्नेछः

(क) दफा ६ विपरितको कुनै काम गरे वा गराएमा प्रत्येक साझेदारलाई पाँचहजार देखी दश हजार रुपैयाँसम्म,

(ख) दफा ७ विपरितको कुनै काम गरे वा गराएमा प्रत्येक साझेदारलाई दश हजारदेखि बीस हजार रुपैयाँसम्म,

(ग) दफा १२ विपरितको कुनै काम गरे वा गराएमा प्रत्येक साझेदारलाई पन्ध्र हजार देखी पच्चीस हजार रुपैयाँ सम्म,

(घ) दफा १४ विपरितको कुनै काम गरे वा गराएमा प्रत्येक साझेदारलाई पच्चीस हजार रुपैयाँसम्म,

(ङ) दफा २८ को पालना नगरेमा एक लाख रुपैयाँसम्म,

(छ) दफा ५१ विपरित कुनै काम गरे वा गराएमा पचास हजार रुपैयाँसम्म।

**५६. पुनरावेदन गर्न सक्नेः** यो ऐन बमोजिमको जरिवाना सम्बन्धित निकायबाट गरेकोमा चित्त नबुझ्नेले सो गरे भएको सूचना पाएका मितिले पैंतीस दिनभित्र सम्बन्धित अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

५७. **<u>यो ऐन बमोजिम हुने:</u>** यो ऐनमा लेखिएको कुरामा सोही बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

५८. **<u>नियम बनाउने अधिकार:</u>** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले नियमहरु बनाउन सक्नेछ ।

५९. **<u>बचाउ:</u>** यो ऐन बन्नु पूर्व भए गरेका काम यसै ऐन अनुसार भए गरेको मानिने छ।

प्रमाणीकरण मिति: २०७६/०६/०१

**आज्ञाले,**
**शंकरप्रसाद खरेल**
**प्रदेश सचिव**